COMMONWEALTH OMBUDSMAN
OVERSEAS STUDENTS

# अन्तर्राष्ट्रिय विद्यार्थी – लिखित सम्झौता

यस जानकारी पत्र तपाई र तपाईको शिक्षा प्रदायकबीचको **लिखित सम्झौता (written agreement)** बारेमा हो। कहिलेकाहीँ लिखित सम्झौतालाई 'भर्ना सम्झौता' (enrolment agreement) वा 'प्रस्ताव पत्र' (letter of offer) पनि भनिन्छ।

तपाई कुनै शिक्षा प्रदायककहाँ भर्ना हुनुअघि, तपाईले त्यससँग लिखित सम्झौता गर्नुपर्छ। तपाईले स्वीकार गर्ने उक्त लिखित सम्झौता **तपाई तथा तपाईको शिक्षा प्रदायकबीचको कानुनी सहमति** हो। शिक्षा प्रदायकहरुलाई लिखित सम्झौताविना अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना गर्ने स्वीकृति हुँदैन।

## मेरो लिखित सम्झौतामा के हुनुपर्छ?

तपाईको लिखित सम्झौतामा निम्न कुरा हुनुपर्छ:

- तपाई भर्ना भएको कोर्सको पहिचान
- अंग्रेजी सीप आवश्यकतालगायत पूर्वआवश्यकताको रुपरेखा
- तपाईको भर्नाको शर्तहरुको रुपरेखा
- तपाईले तिर्नुपर्ने कोर्सको शुल्क विवरण (र ती अध्ययन शुल्क सम्बन्धित अवधि)
- तपाईले तिर्नपर्ने गैर-अध्ययन शुल्कको विवरण,जस्तै पुन:मूल्यांकन वा परीक्षा शुल्क, विलम्ब भुक्तानी शुल्क, डिफरल शुल्कहरु
- प्रदायकको उजुरी तथा पुनरावेदन प्रकृयाहरुको नियम
- प्रदायकको रकम फिर्ता नीति तथा रकम फिर्ताको लागि दावी गर्ने प्रकृयाहरुको नियम
- प्रदायकले कोर्स नपढाएमा के हुनेछ भन्ने बारे वर्णन
- अष्ट्रेलियन उपभोक्ता संरक्षण कानुनअन्तर्गत तपाईले गर्न सक्ने कारवाहीको अधिकारबारेको विवरणको समावेश।

## मैले आफ्नो लिखित सम्झौतालाई किन ध्यानपूर्वक पढ्नुपर्छ?

तपाईको लिखित सम्झौतालाई ध्यान दिएर पढ्नु र सम्झौताको नियम तथा शर्तहरु तपाईले बुझ्नु धेरै महत्वपूर्ण हुन्छ।

विशेषगरी शुल्क भुक्तानी तथा रकम फिर्ताबारेको जानकारी तपाईले सम्झौतामा हस्ताक्षर गर्नुअघि पढ्नु महत्वपूर्ण हुन्छ ता कि तपाईले बुझ्नुहुन्छ कि यदि तपाई कोर्सबाट निस्किएमा तपाईले तिर्न बाँकी शुल्क वा लाग्ने रद्द शुल्कका लागि प्रदायकले तपाईलाई पछ्याउने सम्भावना बारे थाहा पाउनु हुन्छ।

तपाईको कोर्सबाट निस्कने (withdraw) वा परिवर्तन (change) गर्ने निर्णय गर्नुअघि पनि लिखित सम्झौतालाई पढ्नु र बुझ्नु महत्वपूर्ण छ।

हामीलाई सम्पर्क गर्नुहोस्
ombudsman.gov.au
1300 362 072

GPO Box 442
Canberra ACT 2601

स्वीकार गर्नुअघि तपाईको लिखित सम्झौतालाई ध्यानपूर्वक पढ्नुहोस्

तपाई तथा तपाईको शिक्षा प्रदायक तथा शैक्षिक एजेन्टबीचको तपाईको लिखित सम्झौता, रकम भुक्तानीको रसिद तथा अन्य सञ्चारका प्रतिलिपिहरुलाई आफूसँग राख्नुहोस्

के तपाईले हाम्रो भिडियो हेर्नुभयो? हेर्नका लागि QR कोड स्क्यान गर्नुहोस्

## के मैले मेरो लिखित सम्झौताको प्रतिलिपि राख्नुपर्छ?

**तपाईले आफ्नो लिखित सम्झौताको प्रतिलिपि राखेको सुनिश्चित गर्नु होस्।** तपाईले आफू तथा प्रदायक तथा शैक्षिक एजेन्टबीच तपाईको भर्नाको सम्बन्धमा भएको रकम भुक्तानीको रसिद, इमेललगायतका सञ्चारको प्रतिलिपि पनि राख्नुपर्छ।

यदि तपाईसँग लिखित सम्झौता छैन भने तपाईको प्रदायकलाई यसको प्रतिलिपिको लागि अनुरोध गर्नुहोस्।

## मेरो लिखित सम्झौतामा परिवर्तन गर्न सकिन्छ?

तपाईको लिखित सम्झौतामा परिवर्तनहरु गर्न सकिन्छ। तपाई तथा तपाईको प्रदायक दुवैले परिवर्तन प्रभावकारी हुनुअघि परिवर्तनमा सहमत हुनु जरुरी हुन्छ।

लिखित सम्झौतामाथि गरिएको कुनै पनि परिवर्तनको स्पष्टसँग मिति तोक्नुपर्छ ता कि कुन शर्त कुन समयदेखि लागू हुन्छ भन्ने स्पष्ट हुन्छ। लिखित सम्झौतामा गरिएको परिवर्तनको प्रतिलिपि तपाईले राख्नुपर्छ।

# विद्यार्थीका लागि युक्तिहरू (टिप्स(

### गर्नुस्

- स्वीकार गर्नुअघि तपाईको लिखित सम्झौतालाई ध्यानपूर्वक पढ्नुस्।
- तपाईको रकम फिर्ताको हक छ कि छैन र कहिले भन्ने कुरा तपाईले बुझ्नुहोस्।
- यदि तपाईले प्रदायकलाई रद्द शुल्क तिर्नुपर्ने भए र कहिले तिर्ने भन्ने कुरा पत्ता लगाउनुस्।
- तपाईको लिखित सम्झौता, तपाईको प्रदायक वा शैक्षिक एजेन्टबाट तपाईको भर्नाको सम्बन्धमा प्राप्त भएको रसिद र कुनै पनि इमेल वा सञ्चारको प्रतिलिपि राख्नुस्।
- तपाईको लिखित सम्झौतामा भएको शुल्क, रकम फिर्ता तथा रद्द जस्ता भागमा ध्यान पुराउनुस्।

### नगर्नुस्

- लिखित सम्झौतामा भएका नियम तथा शर्ताहरुलाई नबुझेसम्म यसलाई स्वीकार नगर्नुस्।
- लिखित सम्झौतामा दिइएभन्दा फरक शैक्षिक एजेन्ट, शिक्षा प्रदायक वा अरुले मौखिकरुपमा दिएका सुझावमा भर पर्नुहुँदैन— यदि कुनै विवाद भएमा तपाईको कुन कुरामा हक छ भनेर तपाईको प्रदायकले लिखित सम्झौतामा के लेखिएको छ हेर्नेछ।

### लिखित सम्झौताबारेमा थप जानकारीका लागि हाम्रो शुल्क तथा रकम फिर्ताबारेको जानकारी पत्र हेर्नुहोस्

थप जानकारी ombudsman.gov.au मा उपलब्ध छ।

कृपया याद गर्नुहोस्: यस कागजातको आसय निर्देशन गर्ने मात्र हो। तसर्थ यसका जानकारीलाई कानुनी सुझावका रुपमा भर पर्नु हुँदैन वा व्यक्तिगत मामलामा कानुनी सुझावको विकल्पको रुपमा लिइनु हुँदैन। यस कागजातमाथि भर परेर परिणामस्वरुप कुनै नोक्सानी वा क्षति भएमा  कानुनले दिइएको अधिकतम हदसम्म Commonwealth Ombudsman जवाफदेही हुनेछैन। यसमा उद्धृत धेरैजसो ऐनहरुको अद्यावधिक संस्करणका लागि कृपया कानुनको संघीय रजिष्टर Federal Register of Legislation मा हेर्नुहोस्।